बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

**विषयः महिला उद्यमीहरुले निवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रकाशित मितिः २०८२/०७/२६

यस मन्त्रालयको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेश भित्रका ९ जना महिला उद्यमीहरु र १ महिला उद्यमी समूहलाई महिला उद्यमी टेवा पुँजी प्रविधि हस्तान्तरण कार्यक्रम रहेको छ । महिला उद्यमशीलता विकास वित्तीय पहुँच टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन (मिति २०८२।०८।१० गते) भित्र प्रविधि सहयोगका लागि सम्वन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

महिला उद्यमी र महिला उद्यमी समूहले कार्यविधिको अनुसूचि १ को ढाँचा बमोजिमको निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु:

(१) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र

(२) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र

(३) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र

(४) आवश्यकता अनुसार व्यावसायिक इजाजतपत्र

(५) व्यावसायिक योजना

(६) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

सम्वन्धित स्थानीय तहले प्रविधि सहयोगका लागि दिएका निवेदकहरुको नामनामेशी र मूल्याङ्कनका आधारहरु सूचना प्रकाशित भएको समयावधि समाप्त भएको भोलिपल्ट अर्थात १६औं दिनमा (मिति२०८२।०८।११ गते) मन्त्रालयमा अनिवार्य रुपमा पठाइसक्नुपर्नेछ र निवेदनहरुका साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी छनोट गरी निवेदन दिने र म्याद समाप्त भएको मितिले १५ दिन (मिति २०८२।०८।२५ गते) भित्र यस मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।साथै महिला उद्यमशीलता विकास वित्तीय पहुँच टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ मन्त्रालयको वेभसाइट www.mosd bagamati.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

नोटः ११९ वटै स्थानीय तहले यसै सूचनालाई आधार मानी महिला उद्यमशीलता विकास वित्तीय पहुँच टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन अनुरोध गरिन्छ ।तसर्थ यस कार्यविधि विपरित एक स्थानीय तहबाट दुई वा सो भन्दा बढी महिला उद्यमी सिफारिस गरी पठाइएमा र सूचनाको समयावधि समाप्ति भईसकेपछि सिफारिस गरी पठाइएका महिला उद्यमीहरु अर्थात निवेदकहरुलाई मूल्याङ्कनमा समावेश नगरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

पुनश्चः छनोट भएका उद्यमी वा उद्यमी समूले यस मन्त्रालयसँगको संझौता पश्चात प्रविधि खरिद गरे पश्चात देहाय बमोजिमको अनुदान रकम शोधभर्नाको रूपमा उपलब्ध गराइनेछ ।

| क.सं. | विवरण | अनुदान रकम रु. |
|---|---|---|
| १ | प्रति महिला उद्यमी | १,००,०००/- |
| २ | महिला उद्यमी समूह | २,५०,०००/- |

अमृत अधिकारी
अधिकृतस्तर नवौं

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेल: mosd@bagamati.gov.np, वेबसाइट:mosd.bagamati.gov.np